आज मिति २०७८।०४।१० गते आइतबारका दिन मिथिला नगरपालिकाका प्रमुख श्री हरीनारायण महतोज्यूको अध्यक्षतामा उप प्रमुख, वडा अध्यक्ष तथा कार्यपालिका सदस्यज्यूहरुको निम्न अनुसारको उपस्थितमा कार्यपालिकाको बैठक बसी नेपालको संविधानको धारा २१४ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को क्षेत्राधिकार भित्र रहि तपसिल बमोजिमका निर्णयहरु गरियो ।

## उपस्थिति

| क्र.सं. | पदाधिकारीको नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री हरि नारायण महतो | नगर प्रमुख | |
| २ | श्री तारा कुमारी बस्नेत | उप-प्रमुख | |
| ३ | श्री लक्ष्मी महतो | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री विहारी महतो | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री राम एकवाल महतो | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री विष्णुहरि खदाल | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री श्यामबाबु यादव | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री भक्त वहादुर बलम्पाकी | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री रामु साह तेली | का.वडा अध्यक्ष वडा नं. ७ | रामुसाह |
| १० | श्री देवनारायण महतो | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री दीपक जंग थापा | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री सविन विक्रम थापा | वडा अध्यक्ष वडा नं. १० | |
| १३ | श्री बेद वहादुर कार्की | वडा अध्यक्ष वडा नं. ११ | |
| १४ | श्री राजदेव ठाकुर | कार्यपालिका सदस्य | |
| १५ | श्री गुलाब ठाकुर | कार्यपालिका सदस्य | |
| १६ | श्री देवी वहादुर तोंलागे | कार्यपालिका सदस्य | |
| १७ | श्री ठेट कुमारी दहाल | कार्यपालिका सदस्य | |
| १८ | श्री अनिता परियार | कार्यपालिका सदस्य | अनिता |
| १९ | श्री जहरी देवी | कार्यपालिका सदस्य | |
| २० | श्रीसीता भित्रीकोटी | कार्यपालिका सदस्य | सीता |
| २१ | श्री रेणु हेन्जन | कार्यपालिका सदस्य | |
| २२ | श्री रचिन्द्र डङ्गोल | प्रमुख प्रशासकीय अधिकृत | |

## मिथिला नगरपालिका, नगर कार्यपालिकाको बैठकको प्रस्ताव तथा निर्णयहरु

मिति २०७८।०४।१०

**बैठकका प्रस्तावहरु :**

प्रस्ताव नं.१) यस न.पा. मिथिला सागर पोखरिया क्षेत्रमा स्वीमिङ्ग पूल निर्माण गर्न E-Bidding मार्फत आव्हान गरिएको ठेक्का नं.MM/NCB,2077-078 बमोजिम प्राप्त प्रस्तावहरुको मुल्यांकन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.२) यस न.पा.कार्यालयमा ज्यालादारी/सेवा करारमा कार्यरत कर्मचारीहरुको सम्झौता नविकरण गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.३) यस न.पा.क्षेत्र भित्र संचालनमा रहेका "घ" वर्गको निर्माण व्यवसायी दर्ता गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.४) यस न.पा. क्षेत्रका नदिहरुबाट नदिजन्य पर्दाथहरु उत्त्खनन तथा विक्रि गर्न ठेक्का बन्दबेस्त गर्ने सम्बन्धमा ।

०७८/४/१० सीता रामप्रसाद अनिता

**बैठकका निर्णयहरु** :

निर्णय नं. १) प्रस्ताव नं.१ मा छलफल गर्दा यस न.पा. मिथिला सागर पोखरिया क्षेत्रमा स्वीमिङ्ग पूल निर्माण गर्न E-Bidding मार्फत ठेक्का नं.MM/NCB,2077-078 बमोजिम प्रस्ताव आव्हान गर्दा विगत ५ वर्ष भित्र कम्तीमा एक वटा स्वीमिङ्ग पूल निर्माण भएको अनुभव समेत प्राप्त भएको हुनुपर्ने प्रावधान राखिएको भएतापनि उक्त ठेक्काको लागि प्राप्त भएका प्रस्तावहरुको मुल्यांकन गर्दा स्वीमिङ्ग पूल निर्माण भएको अनुभवलाई अनिवार्य नहुने गरी सार्वजनिक खरिद नियमावली, २०६४ को दफा ८१ को उपदफा ४ बमोजिम न्यून लागत विधि अपनाई सोही बमोजिम प्रस्ताव मूल्यांकन गरी छनौट गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. २) प्रस्ताव नं.२ मा छलफल गर्दा यस न.पा.कार्यालयमा ज्यालादारी/सेवा करारमा कार्यरत कर्मचारीहरुको सम्झौताको म्याद २०७८ आषाढ मसान्तमा समाप्त भएको हुंदा यसैसाथ संलग्न विवरण बमोजिम हुने गरी आ.व.२०७८।०७९ को लागि ज्यालादारी/सेवा करारको सम्झौता नविकरण गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.३) प्रस्ताव नं.३ मा छलफल गर्दा यस न.पा.क्षेत्र भित्र संचालनमा रहेका "घ" वर्गको निर्माण व्यवसायी दर्ता हुनका लागि प्राप्त भएका निवेदनहरु मध्ये यस न.पा.का.को प्रतिवेदन अनुसार निम्न निर्माण व्ययसायीको यस न.पा.कार्यालयमा व्यवसाय दर्ता गर्ने निर्णय पारित गरियो ।

क) श्री सिंह एण्ड सन्स् विल्डर्स, मि.न.पा. वडा नं.६, धनुषा ।

निर्णय नं.४) प्रस्ताव नं.४ मा छलफल गर्दा यस न.पा. क्षेत्रका नदिहरुबाट नदिजन्य पर्दाथहरु उत्खनन तथा विक्रि गर्न देहाय बमोजिम हुने गरी ठेक्का बन्दोवस्त गर्ने निर्णय पारित गरियो ।

| क्र.सं. | ठेक्काको विवरण | उत्खनन् स्थान | कुल उत्खनन् परिमाण (क्यु. फिट) | उत्खनन् बस्तु | न्युनतम अकं ठेक्का रकम (सेवा शुल्क र भ्याट बाहेक) |
|---|---|---|---|---|---|
| १ | नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा आदि)उत्खनन् संकलन तथा बिक्री वितरण | रातु नदी (खण्ड सी बाहेकका क्षेत्र मात्र) | १९०२२२४ | ढुंगा, गिट्टी, ग्राभेल र बालुवा | ३,५०,००,०००।०० (तीन करोड पचास लाख मात्र) |
| | | जलाद जगधर नदी | २०२४४४४ | | |
| | | औरही नदी | २०२४४४४ | | |
| | | बसही नदी | २०२४४४४ | | |
| | | बडहरी नदी | २०२४४४४ | | |
| | | **जम्मा** | १००००००० | | |